**कार्यपालिका बैठक सख्या- १४** **मिति:- २०८२।०२।०८**

## निर्णयहरु

**निर्णय नं.१-** मिति २०८२।०१।१४ गतेको बैठक नं.१३ का निर्णयहरु उपर समिक्षा तथा छलफल गरियो।

**निर्णय नं.२-** भूमि समस्या समाधान आयोग र विजयनगर गाउँपालिकाको समन्वयमा हुने यस गाउँपालिकाका भूमिहिन दलित भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीको लगत संकलन कार्यविधि २०८१ को दफा १३(१)बमोजिम जग्गाको चारकिल्लाको विवरण तयार गरी सिफारिस गर्नुपर्ने व्यवस्था भए बमोजिम यस गाउँपालिकाको वडा नं.१,अन्तर्गत पर्ने जग्गाहरु पालिका स्तरीय सहजिकरण समितिबाट समेत सिफारिस भईआएको हुदा सोही बमोजिम आवश्यक प्रकृया अगाडी बढाउनको लागि भूमि समस्या समाधान आयोग जिल्ला समिति कपिलवस्तुमा पत्राचार गर्ने निर्णय गरियो।

**निर्णय नं ३-** स्थानीय पूर्वाधार सहयोग कार्यक्रम र विजयनगर गाउँपालिकाको सह लगानीमा सञ्चालित आ.व. २०८१-८२ को सम्झौता नं. 19/NCB/WORKS/BRM/2081-82, वडा ७ डोडरी बडसडवा देखी वडा ५ को हुलाकी सडकसम्मको कालो पत्रे सडक आयोजनाको सम्झौता रकम रु. १,१५,८३,३८१.९५ (VAT र PS सहित) को बडसडवा चोक देखी हुलाकि सडक छुने सडक खण्डमा अनुमानित २० मिटरको दुरीमा रहेको कलभर्ट निर्माणमा स्थानीय बासीन्दाको वा अन्य कुनै प्रकारको अबरोध भई यसै आर्थिक वर्ष भित्र तोकिएको समयावधिमा आयोजना सम्पन्न हुन नसकेमा सो आयोजनाको पूँजीगत खर्चको लागत स्रोत तथा आयोजना सम्पन्न गर्ने सम्पूर्ण जिम्मेवारी पालिका स्वयंको हुनेछ। साथै कल्भर्ट निर्माणमा लाग्ने समय र अपेक्षित प्रतिकुल मौसमका कारण योजना सम्पन्न हुने कठिनाई लाई मध्येनजर गर्दै सोही सडक खण्डको बडसडवा चोक देखी करिब २०० मिटर कालोपत्रेको कार्य स्थानन्तरण गरी वडा ५ को हुलाकी सडकदेखी सुरु भई २०० मिटर अगाडि सम्म सोहि सडक खण्डमा कालोपत्रे गर्ने निर्णय गरियो।

**निर्णय नं ४-** यस विजयनगर गाउँपालिका अन्तर्गतका योजनाहरुको सम्झौता जेठ २० गते सम्म गर्ने गरी वडा तथा शाखाहरुमा पत्राचार गर्ने निर्णय गरियो।

**निर्णय नं.५-** यस विजयनगर गाउँपालिका वडा नं ४ को अत्यावश्यक मर्मत संभार अन्तर्गत वडा कार्यालय भित्र पानीको निकास, ब्लक तथा अन्य मर्मतमा खर्च गर्ने निर्णय गरियो।

**निर्णय नं.६-** यस गाउँपालिकाको वडा नं ६ को विच्छिहवा तटबन्धन निर्माण कार्य हाल हुन नसक्ने भएकोले सो शिर्षकलाई रकमान्तर गरी जुडपनियाँ गाउँ भित्र विद्युतपोल तथा तार व्यवस्थापन गर्ने निर्णय गरियो।

**निर्णय नं.७-** विजयनगर-१,जवावैराठ स्थित लालीगुरास महिला समुहले समुहको व्यवसाय मार्फत स्तरउन्नती गर्नका लागि साझा सुविधा उपलब्ध गराई पाउँ भनि दिनुभएको निवेदन अनुसार आ.व.२०८१।०८२ को वार्षिक नीति,कार्यक्रम तथा बजेट किताबको सि.न. ५५८ शिर्षक नं.२६३३२ **अति गरिब परिवारहरुको लागि कम्तिमा १० जनाका लागि हुने गरी साझा सुविधा केन्द्रको स्थापना शिर्षकबाट** रु.५,००,०००।– (पाँच लाख) मा कायम हुने गरि उक्त समुहलाई साझा सुविधा उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.८-** मिति २०८२।०१।१४ गतेको कार्यपालिका बैठक सख्या १३ को निर्णय नं. २ मा निर्णय भई प्रदेश सरकार संग समपुरक अनुदान अन्तर्गत माग गर्ने योजनाको नामका सन्दर्भमा प्रदेश सरकार संग माग गरिएको योजना विविध कारणले संशोधन गर्नु पर्ने भएकाले देहाय अनुसार संशोधन गरी पठाउने निर्णय गरियो।

देहाय

| क्र.सं. | पहिले माग गरिएको योजना | संसोधन गरी माग गर्ने योजना | कैफियत |
|---|---|---|---|
| १ | छुटपाटी, थरौली,बनखेत, नयाँवस्ती सडक स्तरोन्नती तथा कालोपत्रे वडा नं.१ | नेवलागंज देखि नौडिहवा,गोवरहवा सडक स्तरोन्नती तथा कालोपत्रे वडा नं.१ | |

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ उपदफा-६ को (ज) बमोजिम कार्यपालिका बैठक नं. ...१४...... को निर्णय प्रमाणित गर्दछु आ.व.२०८१।०८२

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ९**- आ.व.२०८१/०८२ को वार्षिक नीति,कार्यक्रम तथा बजेट अन्तर्गतको क्र.सं.३४४ खर्च शिर्षक २२७११ मा रहेको **वडा भित्र सिपमूलक तालिम सञ्चालन** शिर्षक अन्तर्गत वडा नं.५ भित्र सिलाई कटाइ तालिम सञ्चालन तथा सहभागिलाई सिलाई मेसिन वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**:-निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**तपसिल:-**

| क्र. सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत |
|---|---|---|---|---|---|
| १ | पत्थरदेईया राजकुमार यादको घरदेखी शिव मन्दिर हुदैं सुरई पुल सम्म बाटो मर्मत | विजयनगर-३,पत्थरदेईया | सडक मर्मत | रु. ५०,०००।– (पचास हजार रुपैयाँ मात्र) | मागमा आधारित साना पूर्वाधार कार्यक्रम तथा अनुदान सहयोग |
| २ | डगडई गाउँमा सडक स्तरोन्नती | विजयनगर-३, डगडई | सडक स्तरोन्नति | रु. १,००,०००।– (एक लाख रुपैयाँ मात्र) | |
| ३ | ३ नं. वडा कार्यालयमा इन्भटर तथा व्याट्री जडान | विजयनगर-३ | इन्भटर तथा व्याट्री जडान | रु. ३,००,०००।– (तिन लाख रुपैयाँ मात्र) | |
| ४ | विष्णु बहादुर थापा क्षेत्री | विजयनगर-१ डाडाटोल | काजक्रिया खर्च वापत सहयोग | रु. ८०,०००।– (अस्सि हजार रुपैयाँ मात्र) | सामाजिक सुरक्षा आर्थिक सहायता तथा स्वासथ्य विमा प्रवर्दन कार्यक्रम |
| ५ | फागुनी थारु | विजयनगर-१ नेवलागंज | औषधि उपचार वापत सहयोग | रु. ५०,०००।– (पचास हजार रुपैयाँ मात्र) | सामाजिक सुरक्षा आर्थिक सहायता तथा स्वासथ्य विमा प्रवर्दन कार्यक्रम |
| ६ | श्री दुर्गा देवि युवा क्लब | विजयनगर-४ शंकरपुर | नाईट क्रिकेट टुनामेन्ट सहयोग | रु. ७०,०००।– (सत्तरी हजार रुपैयाँ मात्र) | खेलकुद सहयोग कार्यक्रम |
| ७ | श्री सुर्यमुखी युवा क्लब | शिवराज-९ बिजगौरी | २४ औ महिला तथा पुरुष खुल्ला नकाउट फुटवल प्रतियोगिता आयोजनार्थ सहयोग | रु. २०,०००।– (बीस हजार रुपैयाँ मात्र) | |

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खुरहुरिया कपिलवस्तु
लुम्बिनी प्रदेश

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ उपदफा-२ को (ज) बमोजिम कार्यपालिका बैठक नं. ...१४...... को निर्णय प्रमाणित गर्दछु

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत